त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल ।

अनुदानको रासायनिक मल (युरिया, डी.ए.पी. र पोटास) को बिक्री मूल्य निर्धारण सम्बन्धी सूचना।

सूचना प्रकाशन मितिः २०८३/०४/२७

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा तोकिएको अनुदानित आधार मूल्य, मुख्य डिपो/गोदामदेखि गाउँपालिकासम्मको ढुवानी भाडा तथा स्थानीय सञ्चालन खर्चलाई 'अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२' बमोजिम समायोजन गरी यस गाउँपालिका क्षेत्रभित्रका सूचिकृत सहकारी संस्था,एग्रोभेट तथा आधिकारिक विक्रेताहरू मार्फत कृषकहरूलाई बिक्री-वितरण गरिने रासायनिक मलको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम निर्धारण गरिएको छ।

रासायनिक मलको तोकिएको खुद्रा बिक्री मूल्य

| क्र.सं. | रासायनिक मल | पालिकाभित्र स्वीकृत अधिकतम मूल्य (प्र.के.जी.) | प्रति बोरा खुद्रा मूल्य (५० के.जी.) |
|---|---|---|---|
| १ | युरिया | रु. २३ /- | रु. १,१५०/- |
| २ | डी.ए.पी. | रु. ५२ /- | रु. २,६००/- |
| ३ | पोटास | रु. ४० /- | रु. २,०००/- |

बिक्री वितरण गर्ने संस्था/विक्रेताहरूका लागि अनिवार्य निर्देशनहरूः

- **मूल्य सूची टाँस गर्नुपर्नेः** सबै विक्रेताहरूले कृषकहरूले प्रस्ट देख्ने ठाउँमा तोकिएको बिक्री मूल्य सूची अनिवार्य रूपमा टाँस गर्नुपर्नेछ।
- **बढी मूल्य लिन नपाइनेः** सूचनामा तोकिएको अधिकतम खुद्रा मूल्यभन्दा बढी मूल्य असुल गरेमा वा कृत्रिम अभाव/कालोबाजारी गरेमा प्रचलित कानुन बमोजिम कडा कारवाही गरिनेछ।
- **पारदर्शी वितरण र रसिदः** मल बिक्री गर्दा वास्तविक कृषकहरूलाई प्राथमिकता दिई अनिवार्य रूपमा आधिकारिक भर्पाई र रसिद काटेर मात्र बिक्री-वितरण गर्नुपर्नेछ।
- **रसिद/विलको कार्बन प्रतिः** रासायनिक मलको भर्पाई प्रमाणित गराउँदा रसिद/विलको कार्वन प्रति अनिवार्य रुपमा ल्याउनु पर्नेछ।
- **नियमित अनुगमनः** गाउँपालिकास्तरीय मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति र अनुगमन समितिवाट जुनसुकै समयमा आकस्मिक निरीक्षण/अनुगमन गरिनेछ।

२०८३/०४/२६

(पुष्पालता घर्ती)

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

Toll Free No. : +977-16608644965 | Phone No.: +977- 9857824585
Website : http://www.trivenimunrolpa.gov.np | Email : info@trivenimunrolpa.gov.np